## जिल्ला निर्वाचन कार्यालय काभ्रेपलाञ्चोक धुलिखेलको मतदाता नामावली अद्यावधिक (दाबी बिरोध समेत) गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

(मिति:-२०७७।१०।०५)

यही मिति २०७७ माघ १५ देखि २१ गतेसम्म निर्वाचन आयोगले देशभरका सबै स्थानीय तहका केन्द्रमा मतदाता नामावली अद्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम सञ्चालन गर्दैछ । उक्त कार्यक्रम अनुसार २०७७ माघ १५ गते नगरपालिका वा गाउँपालिकाको केन्द्रमा मतदाता नामावली प्रकाशन हुन्छ । २०७७ माघ १६ देखि १८ गते मतदाता नामावलीमा रहेको नाम वा विवरणमा रहेको त्रुटि सच्याउन, दोहोरो नाम हटाउन निबेदन दिन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउनको लागि सूचना दिन सकिन्छ । कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा २०७७ माघ १६ र १७ मा उजुरी दिन सकिन्छ ।

तसर्थ, उपरोक्त अनुसारको निर्धारित मितिमा सम्बन्धित स्थानीय तहको केन्द्रमा गई मतदाता नामावलीमा रहेको आफ्नो नाम वा विवरणमा कुनै त्रुटि भए त्रुटि सच्याउन एवम् आफ्नो नाम दोहोरो परेको भए हटाउन निवेदन दिनुहुन तथा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम हटाउन सूचना दिन र कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समाबेश गरेको भए सोको बिरोधमा उजुरी दिनुहुन सम्बन्धित सबैलाई जिल्ला निर्वाचन कार्यालय काभ्रेपलाञ्चोक धुलिखेल हार्दिक अनुरोध गर्दछ ।

जिल्ला निर्वाचन अधिकारी